निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।१०।२६

## प्रतिनिधिसभा समानुपातिकतर्फ पाँच दललाई सिट प्राप्त

काठमाडौं, माघ २६ । निर्वाचन आयोगले २०७४ मंसिर १० र २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरूले प्राप्त गरेको सिट संख्या तोक्ने निर्णय गरेको छ । प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा आज बसेको बैठकले समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको सिट संख्यालाई आजै सम्बन्धित राजनीतिक दलहरूलाई पठाउनका लागि पत्राचार गर्ने निर्णय पनि गरेको छ । आयोगको निर्णय अनुसार, ४९ राजनीतिक दलमध्ये पाँच राजनीतिक दलले मात्रै सिट प्राप्त गर्न सफल भएका छन् । तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने ५ वटा दलहरुमध्ये नेपाल कम्युनिष्ट पार्टी (एमाले) ४१, नेपाली कांग्रेस ४०, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी, नेपाल १७, राष्ट्रिय जनता पार्टी नेपाल ६ र संघीय समाजवादी फोरम, नेपालले ६ सिट प्राप्त गरेका छन् । नेपालको संविधानको धारा ८४ को उपधारा (८) मा संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ ।

राजनीतिक दलहरुले प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राष्ट्रिय सभातर्फ प्राप्त गरेको महिलाको सीट संख्याको आधारमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले कम्तीमा ३७ जना, नेपाली कांग्रेसले कम्तीमा २० जना, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी नेपालले कम्तीमा १६ जना, राष्ट्रिय जनता पार्टी नेपाल ले कम्तीमा ६ जना र संघीय समाजवादी फोरम, नेपालले कम्तीमा ५ जना महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ । दलहरुले सम्बन्धित समावेशी समूहको प्रतिनिधित्व हुने गरी अन्तिम बन्दसूचीको समावेशी समूहको प्राथमिकता क्रमका आधारमा उम्मेदवार छनौट गरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (५) बमोजिम केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिबाट निर्णय गरी ३ (तीन) भित्र अर्थात् माघ २७ गतेदेखि माघ २९ गते साँझ ५ बजे (कार्यालय समय) भित्र दलहरूले नामावली निर्वाचन आयोगमा पेश गर्नुपर्ने छ ।

यससम्बन्धी थप विवरण यसैसाथ संलग्न छ :

नवराज ढकाल
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"

**निर्वाचन आयोगका श्रीमान सचिव एवं समानुपातिक निर्वाचन कार्यालयका निर्वाचन अधिकृत बेगेन्द्रराज शर्मा पौड्यालले प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ को समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामबारे सञ्चारकर्मीहरुलाई दिनुभएको जानकारी**

## प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४
## समानुपातिक निर्वाचन प्रणालीतर्फको संक्षिप्त मत परिणाम विवरण

- प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ ४९ वटा दलहरुले बन्दसूची पेश गरेका थिए ।
- बन्दसूची पेश गरेका राजनीतिक दलहरुले समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा प्राप्त गरेको कूल सदर मत ९५,४४,७७९ (पन्चान्नब्बे लाख चवालिस हजार सात सय उनासी) रहेको छ ।
- सवैभन्दा बढी नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले ३१,७३,४९४ (३३.२५ प्रतिशत) मत प्राप्त गरेको छ ।
- सवैभन्दा कम हाम्रो पार्टीले ४२६ (०.००४५) मत प्राप्त गरेको छ ।
- तीन प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने ५ वटा दलहरु नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी, नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम, नेपाल रहेका छन् ।
- उल्लिखित ५ वटा दलहरुले देहाय बमोजिम मत, मत प्रतिशत र सीटहरु प्राप्त गरेका छन् :

| क्र. सं. | राजनीतिक दलको नाम | प्राप्त मत | प्राप्त मत (प्रतिशतमा) | निर्वाचित हुने सदस्य संख्या | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३१,७३,४९४ | ३७.१ | ४१ | एकचालिस |
| २ | नेपाली कांग्रेस | ३१,२८,३८९ | ३६.६ | ४० | चालिस |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/ समाजवादी जनता पार्टी/ जनजागरण पार्टी, नेपाल | १३,०३,७२१ | १५.३ | १७ | सत्र |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | ४,७२,२५४ | ५.५ | ६ | छ |
| ५ | संघीय समाजवादी फोरम, नेपाल | ४,७०,२०१ | ५.५ | ६ | छ |
| जम्मा | | ८५,४८,०५९ | १०० | ११० | एक सय दश |

- तीन प्रतिशत भन्दा कम मत प्राप्त गर्ने ४४ वटा दलहरू रहेका छन् ।
- राजनीतिक दलहरुले प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राष्ट्रिय सभातर्फ निर्वाचित महिला सदस्य संख्याको आधारमा समानुपातिक निर्वाचन प्रणालीतर्फबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले कम्तीमा ३७ जना, नेपाली कांग्रेसले कम्तीमा २० जना, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी नेपालले कम्तीमा १६ जना, राष्ट्रिय जनता पार्टी नेपाल ले कम्तीमा ६ जना र संघीय समाजवादी फोरम, नेपालले कम्तीमा ५ जना महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।
- निर्वाचन आयोगले २०७४ साल माघ २९ गते ५:०० बजे (कार्यालय समय) भित्र प्रतिनिधि सभा समानुपातिक निर्वाचन प्रणालीतर्फ सिट प्राप्त गरेका ५ वटा राजनीतिक दललाई उम्मेदवारको नामावली विवरण पठाउन पत्राचार गरेको छ ।

| राजनीतिक दलको नाम | प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित सदस्य संख्या | प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त सदस्य संख्या | राष्ट्रिय सभामा निर्वाचित सदस्य संख्या | संघीय संसदमा प्रतिनिधित्व गर्ने कूल सदस्य संख्या | संघीय संसदमा निर्वाचित महिला सदस्य संख्या | | | नेपालको संविधान र प्रचलित कानून बमोजिम संघीय संसदमा कम्तीमा एक तिहाई प्रतिनिधित्व हुन आवश्यक पर्ने महिला सदस्य संख्या* | प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गराउनु पर्ने न्यूनतम महिला सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ | राष्ट्रिय सभातर्फ | कूल | | |
| | क | ख | ग | घ = (क +ख+ग) | ङ | च | छ = (ङ+च) | ज | झ |
| नेपाल कम्युनिष्ट पार्टी एमाले | ८० | ४१ | २७ | १४८ | २ | ११ | १३ | ५० | ३७ |
| नेपाली काँग्रेस | २३ | ४० | १३ | ७६ | ० | ६ | ६ | २६ | २० |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी, नेपाल | ३६ | १७ | १२ | ६५ | ३ | ३ | ६ | २२ | १६ |
| राष्ट्रिय जनता पार्टी नेपाल | ११ | ६ | २ | १९ | ० | ० | ० | ७ | ६ |
| संघीय समाजवादी फोरम, नेपाल | १० | ६ | २ | १८ | ० | १ | १ | ६ | ५ |

नेपालको संविधानको धारा ८४ उपधारा (८) र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६०. को उपदफा (४) बमोजिम संघीय संसदमा प्रतिनिधित्व गराउनु पर्ने कम्तीमा एक तिहाई महिला सदस्य संख्या ।